आज मिति २०७९ साल मंसिर २८ गते वुधवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | [signature] |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्गुरी शेर्पा | [signature] |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | [signature] |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | [signature] |
| ७ | सदस्य | श्री राम प्रसाद राई | [signature] |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | [signature] |
| १० | सदस्य | श्री सन्तोष राई | [signature] |
| ११ | सदस्य | श्री रोशन मगर | [signature] |
| १२ | सदस्य | श्री बालदिप राई | [signature] |
| १३ | सदस्य | श्री सुक माया राई | [signature] |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | [signature] |
| १६ | सदस्य | श्री भवानी विष्ट | [signature] |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | [signature] |
| १८ | सदस्य | श्री गोविन्द परियार | [signature] |
| १९ | सचिव | श्री धन कुमार राई | [signature] |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | [signature] |

[signature] प्रमुख प्रशासकीय अधिकृत
२०७९/८/२८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर
१ नं. प्रदेश, नेपाल

[signature] २०७९/८/२८
अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. कार्यपालिकाको निर्णहरुको समिक्षा सम्वन्धमा
२. कृषि कार्यक्रमको सूचना प्रकाशन सम्वन्धमा
३. लोक सेवा आयोगको तयारी कक्षाको लागि प्रशिक्षार्थी छनौट सम्वन्धमा
४. साना सिंचाइ कार्यक्रमको लागि योजना छनौट गरी माग गरि पठाउने सम्वन्धमा
५. घर नक्सा पास सम्वन्धमा
६. नागरिक उपचार कोष सहयोग अनुदान कार्यविधि तयारी सम्वन्धमा
७. करार सेवामा प्राविधिक पदपूर्ति सम्वन्धमा
८. पहिलो चौमासिक समिक्षा गोष्ठी र सार्वजनिक सुनवाइ कार्यक्रम सञ्चालन सम्वन्धमा
९. गर्भवती प्रेसन प्रोत्साहन खर्च सम्वन्धमा
१०. औषधी उपचार खर्च उपलव्ध गराउने सम्वन्धमा
११. स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन सम्वन्धमा
१२. छानविन समिति गठन सम्वन्धमा
१३. ठेसुवा खोला सिंचाइ जल उपभोक्ता समितिको म्याद थप सम्वन्धमा
१४. राजश्व व्यवस्थापन सफ्टवयर खरीद सम्वन्धमा
१५. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भइ कार्यापालिकाद्वारा भएको निर्णयहरुको कार्यन्वयनको विषयमा विस्तृत समिक्षा गरि कार्यन्वयन हुन नसकेका निर्णयहरुलाई पुन कार्यन्वयन गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भइ संघीय सरकार सशर्त अनुदान अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना , नेपाल सरकार वित्तिय समानिकरण अनुदान, प्रदेस सरकार वित्तिय समानिकरण अनुदान र सवारी साधन कर अनुदान शिर्षकको विनियोजित कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदान हुने गरी तपशिल वमोजिम २१ दिनको प्रस्ताव आह्वान गर्ने ।

**क) संघीय सरकार सशर्त अनुदान** (प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना)

| क्र.सं. | कार्यक्रम | रकम | वजेट श्रोत | माग संख्या |
|---|---|---|---|---|
| १ | आ.व. २०७८/७९ मा स्थापना भएको तरकारीबाली पकेट विकास कार्यक्रमको निरन्तरता | ६००००० | संघीय सरकार सशर्त अनुदान | ६ वटा कृषक समूह/फर्म |
| २ | आ.व. २०७९/८० मा नयाँ सुन्तलाजात फलफूल बाली पकेट विकास कार्यक्रम सञ्चालन | १२००००० | संघीय सरकार सशर्त अनुदान | ६ वटा कृषक समूह/फर्म |
| ३ | आ.व. २०७९/८० मा नयाँ बाख्रा पकेट विकास कार्यक्रम सञ्चालन | १५००००० | संघीय सरकार सशर्त अनुदान | १० वटा फर्म/ सहकारी |
| | **जम्मा** | **३३०००००** | | |

**ख) नेपाल सरकार वित्तिय समानिकरण,** प्रदेश सरकार वित्तिय समानीकरण र सवारी साधन कर **अनुदान अन्तर्गत**

| क्र.सं. | कार्यक्रम | रकम | वजेट श्रोत | माग संख्या |
|---|---|---|---|---|
| १ | बाख्रा पालन पकेट कार्यक्रम | १०००००० | प्रदेश सरकार वित्तिय समानीकरण | ५ वटा फर्म/सहकारी |
| २ | टिमुर खेती पकेट कार्यक्रम | ५००००० | संघीय सरकार वित्तिय समानीकरण | २ वटा कृषक समूह/फर्म |
| ३ | कागती खेती पकेट कार्यक्रम | ३००००० | संघीय सरकार वित्तिय समानीकरण | ३ वटा कृषक समूह/फर्म |
| ४ | जैविक विषादि उत्पादन कार्यक्रम | २००००० | संघीय सरकार वित्तिय समानीकरण | २ वटा कृषक समूह/फर्म |
| ५ | लोठ सल्ला खेती प्रवर्द्धन कार्यक्रम | ५००००० | सवारी साधन कर अनुदान | २ वटा फर्म/सहकारी |
| ६ | सहकारी मार्फत कोगटी उत्पादन कार्यक्रम | ३००००० | सवारी साधन कर अनुदान | १ वटा कृषि सहकारी संस्था |
| | **जम्मा** | **२८०००००** | | |

प्रमुख प्रशासकीय अधिकृत २०७९।८।२८ आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंसा, भोजपुर अशोक राई

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि छलफल भइ २०७९ असोज ३० गते प्रकाशित सूचना बमोजिम ना.सु/खरीदार लोकसेवा आयोग तयारी कक्षाको लागि दर्ता भएका आवेदनहरु मध्ये तपशिल वमोजिमको प्रशिक्षार्थिहरु छनौट गर्ने । छनौट भएका प्रशिक्षार्थिहरुलाई लोकसेवा आयोग तयारी कक्षा संचालन गर्ने काठमाण्डौको संस्थासंग सम्झौता गरि पठाउने ।

| क्र.सं. | निवेदकको नाम | सम्पर्क नं | वडा नं | तह(खरिदार,नासु | आवेदकको छनोटको आधार | शैक्षिक योग्यता | अंक प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सुदेश राई | ९८६२०३२०५२ | २ | ना.सु | विपन्न | masters | ३.५५ |
| २ | जानुका खड्का | ९७६५४६६८२९ | २ | खरिदार | महिला | +२ | २.५९ |
| ३ | सिर्जन सुवेदी | ९८६०९६९८५० | ३ | ना.सु | विपन्न | +२ | २.६० |
| ४ | किरण राई | ९८६२१९७२३१ | ३ | ना.सु | विपन्न | +२ | ५३.६० |
| ५ | लाल ब.सुवेदी खत्री | ९८४०९४५३८२ | ३ | ना.सु | अपाङ्ग | +२ | २.०५ |
| ६ | अनिशा राई | ९८६६३९९४४७ | ४ | खरिदार | महिला | +२ | २.४१ |
| ७ | मुना वि.क | ९८४१६५६२६० | ४ | खरिदार | दलित, महिला | +२ | ५० |
| ८ | परिना राई | ९८४२१४९८९२ | ४ | ना.सु | महिला | +२ | ५०.५८ |
| ९ | दुर्गा बहादुर सुवेदी | ९८४०२८८५११ | ४ | खरिदार | विपन्न,अपाङ्ग | +२ | २.२२ |
| १० | अनिला राई | ९८६२३६२४४३ | ५ | ना.सु. | महिला | +२ | ५१.३० |
| ११ | विकाश राई | ९८६३४८०५३२ | ५ | ना.सु | विपन्न | +२ | ५८.८० |
| १२ | रिता राई | ९८४०१३४४७५ | ७ | ना.सु | विपन्न,महिला | +२ | २.५५ |
| १३ | संजिता राई | ९८६६३२४८४३ | ७ | ना.सु | महिला | +२ | ५५.५० |
| १४ | निश्चल राई | ९८४०३६३०६२ | ७ | खरिदार | विपन्न | see | ३.२० |
| १५ | प्रनिश बिष्ट | ९८४०२५०१२९ | ८ | खरिदार | विपन्न | see | २.९५ |
| १६ | देवन राई | ९७६२२३४३५९ | ८ | खरिदार | विपन्न | +२ | २.८८ |
| १७ | यशोदा वि.क | ९७४६२१९७१ | ८ | खरिदार | दलित,महिला | see | २.८० |
| १८ | ईश्वरी श्रेष्ठ | ९८४५६०७४८७ | ९ | ना.सु | महिला | +२ | २.७७ |
| १९ | प्रजा जोशी | ९८४५२८२३८३ | ९ | खरिदार | महिला | +२ | २.६८ |
| २० | सोभिता राई | ९८४०५५०९५८ | १० | ना.सु. | विपन्न,महिला | +२ | २.६९ |

वैकल्पिक प्रशिक्षार्थीहरु

| क्र.सं. | निवेदकको नाम | सम्पर्क नं | वडा नं | तह(खरिदार,नासु | आवेदकको छनोटको आधार | शैक्षिक योग्यता | अंक प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मन्दिरा श्रेष्ठ | ९७४९२०११५२ | ९ | खरिदार | विपन्न | +२ | २.६३ |
| २ | गणेश परियार | ९८६२७४६७२ | ८ | ना.सु | दलित | +२ | ४४.२० |
| ३ | मनोज राई | ९७४६२१९६०४ | ७ | खरिदार | विपन्न | +२ | ५३.२५ |
| ४ | देवीराज राई | ९८६२०१०१२० | २ | ना.सु | विपन्न | +२ | ५०.१० |
| ५ | सेन्मीहाङ्ग राई | ९८४२७४९४४९ | ६ | खरिदार | विपन्न | +२ | २.५५ |
| ६ | डम्बर भण्डारी | ९८६२१२०३६५ | ३ | ना.सु | विपन्न | +२ | २.४७ |
| ७ | अन्जना राई | ९७६५५६२७१६ | ४ | ना.सु | महिला | +२ | २.२९ |
| ८ | सम्झना मगर | ९८४१६६९७२० | ५ | खरिदार | महिला | +२ | २.२३ |
| ९ | रोनिता परीयार | ९८४७७६३१९४ | ९ | खरिदार | दलित, महिला | +२ | २.२३ |
| १० | सन्जय राई | ९८६३८७३७९४ | १० | ना.सु | विपन्न | +२ | २.१९ |
| ११ | रन्जित राई | ९८६१४२४५८० | ७ | खरिदार | विपन्न | +२ | २.१३ |
| १२ | अस्मिता राई | ९८४५७४७८६४ | ७ | खरिदार | महिला | +२ | २.०२ |

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**निर्णय नं.४**

प्रस्ताव नं ४ माथि छलफल भइ आगामी आर्थिक वर्षको लागि साना सिंचाइ कार्यक्रमको लागि योजना छनौट गरी पठाउनको लागि सवै वडाहरुमा साना सिंचाइ योजना माग फारम पठाउने । साथै यसै आर्थिक वर्षमा मान्दुङमा खोला सिंचाइ योजना आमचोक-२ र तोङगोपा सिपाक सिंचाइ योजना आमचोक-४ लाई छनौट गरी प्राविधिक टोलीलाई सर्वेक्षणको लागि अनुरोध गरी पठाउने ।

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि छलफल भइ घर नक्सा पास गर्ने कार्य यस आर्थिक वर्षदेखि शुरु गर्नको लागि प्राविधिक शाखा र राजश्व शाखावाट घर नक्सा कार्यविधि २०७९ तयारी गरी विधायन समितिमा पेश गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं ६ माथि छलफल भइ नागरिक उपचार कोष सहयोग अनुदान कार्यविधि २०७९ विधायन समितिले तयारी गरि आगामी कार्यापालिकाको वैठकमा पेश गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भइ अस्पताल भवन निर्माण र गाउँपालिकाको प्रशासनिक भवन निर्माणको कन्टिन्जेन्सी रकमवाट तलव भत्ता पाउने गरी एकजना सव इन्जिनियर (पाँचौ) र संघीय सरकार राजश्व अनुदानको करार सेवा शुल्क शिर्षकवाट तलव भत्ता पाउने गरी एकजना असिष्टेन्ट सव इन्जिनियर (चौथो) करार सेवामा पदपूर्ती गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं ८ माथि छलफल भइ आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिक समिक्षा गोष्ठी र सार्वजनिक सुनवाइ कार्यक्रम मिति २०७९/९/१४ गते संचालन गर्ने ।

**निर्णय नं.९**

प्रस्ताव नं ९ माथि छलफल भइ स्वस्थ्य तर्फको ससर्त तर्फ अस्पताल तथा बर्थिङ सेन्टर बाट गर्भवति तथा सुत्केरी महिलालाई अकस्मिक रुपमा प्रेषण शिर्षकमा रहेको रु ६००००(साठ्ठि हजार मात्र) बाट यस पालिका अन्तर्गत बर्थिङ सेन्टरमा प्रसुति हुन आई जटिलता भई प्रसुतिकेन्द्र बाट प्रेषण भएको प्रेषण पुर्जा तथा निजको आर्थिक अवस्था कमजोर भएको व्यहोराको सम्बन्धित वडाको सिफारिसको आधारमा प्रति रिफर केश वापत रु ५००० (पाँच हजार) उपलब्ध गराउने ।

**निर्णय नं.१०**

प्रस्ताव नं १० माथि छलफल भइ मृगौला प्रत्यारोपन गरेका, डायलाईसिस गराई रहेका, क्यान्सर रोगि र मेरुदण्ड पक्षघातका बिरामिलाई औषधि उपचार वापत खर्च उपलब्ध गराउने कार्यविधि २०७८ को दफा ३ मा उल्लेख भए अनुसार हुने गरी अनुसुचि १ को ढाँचामा अस्पतालको सिफारिस ,अनुसुचि २ को ढाँचामा लाभग्राहीको निवेदनको आधारमा सोहि कार्यबिधिकको दफा ५ अनुसार अनुसुचि ३ को आधारमा शोधभर्णा माग गर्ने गरी हाललाई दफा ४ बमोजिम मासिक रु ५०००।–को दरले नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकबाट त्रैमासिक रुपमा सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत भुक्तानि गर्ने साथै दफा ६ र ७ मा उल्लेख भए अनुसार सम्बन्धित वडा कार्यालयले लाभग्राहिको अभिलेख तथा आ.व. को सुरुमा नविकरण गर्ने निर्णय गरीयो ।

**निर्णय नं.११**

प्रस्ताव नं ११ माथि छलफल भइ स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन नमुना कार्यविधि २०७८ मा उल्लेख भए अनुसार स्वास्थ्य बिमा बोर्ड नियमावलि २०७५ को नियम २६ बमोजिम पालिका स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिमको पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने ।

- क) संयोजक : गाउँपालिका अध्यक्ष
- ख) सदस्य : अध्यक्षले मनोनयन गरेको बढि जनसंख्या भएका कुनै एक वडाको अध्यक्ष
- ग) सदस्य : अध्यक्षले मनोनित गरेको प्रतिनिधि ,सेवा प्रदायक संस्था
- घ) सदस्य : अध्यक्षले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वयम सेविका सहित दुइ जना
- ङ) सदस्य : शाखा प्रमुख,स्वास्थ्य बिषय हेर्ने
- च) सदस्य : दर्ता अधिकारी स्वास्थ्य बिमा बोर्ड (सम्बन्धित पालिका
- छ) सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

**निर्णय नं.१२**

प्रस्ताव नं १२ माथि छलफल भइ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७९/८/१ को पत्र अनुसार वडा नं ९ स्थित आधारभूत स्वास्थ्य चौकीको भवन निर्माण र दुम्माना आमवोटे सडक निर्माणको लागि तपशिल वमोजिमको विवरणहरु माग भएकोले ७ दिन भित्र छानविन गरी गाउँपालिकालाई प्रतिवेदन पेश गर्नको लागि तपशिल वमोजिमको छानविन समिति गठन गर्ने ।

क) संयोजक : पूर्वाधार विकास समितिको संयोजक श्री राम प्रसाद राई

ख) सदस्य : वडा अध्यक्ष श्री नेत्र वहादुर खत्री

ग) सदस्य : कार्यपालिका सदस्य श्री सुकमाया राई

घ) सदस्य सचिव : स्वास्थ्य शाखा संयोजक श्री महिनारायण चौधारी

प्रतिवेदनमा पेश गर्नु पर्ने विवरणहरु

१ विनियोजन भएको रकम खुल्ने कागजातको प्रमाणित प्रतिलिपि
२ खरीद प्रकृया खुल्ने कागजातको प्रमाणित प्रतिलिपि
३ सम्झौता पत्रहरुको प्रमाणित प्रतिलिपि
४ लागत स्टिमेटको प्रमाणित प्रतिलिपि
५ नापि कितावहरुको प्रमाणित प्रतिलिपि
६ मूल्याङ्कन विलहरुको प्रमाणित प्रतिलिपि
७ कार्य सम्पन्न प्रतिवेदनहरुको प्रमाणित प्रतिलिपि
८ अनुगमन प्रतिवेदनहरुको प्रमाणित प्रतिलिपि
९ भुक्तानी सम्वन्धि गोश्वरा भौचरहरुको प्रमाणित प्रतिलिपि

**निर्णय नं.१३**

प्रस्ताव नं १३ माथि छलफल भइ ठेसुवा खोला सिंचाइ योजनाको काम सम्पन्न हुन वाँकी रहेकोले म्याद थप गरी पाउँ भन्ने ठेसुवा खोला सिंचाइ जल उपभोक्ता समितिको निवेदन अनुसार मिति २०८० असार २० गतेसम्म म्याद थप गर्ने ।

**निर्णय नं.१४**

प्रस्ताव नं १४ माथि छलफल भइ गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को गाउँसभावाट सफ्टवयर खरीद तथा व्यवस्थापन शिर्षकमा वजेट विनियोजन भएकोले गाउँपालिकाको राजश्व सुधारको लागि राजश्व व्यवस्थापन सफ्टवयर ( Revenue Management Software) खरीद प्रकृया अगाडी वढाउने ।

**निर्णय नं.१५**

प्रस्ताव नं १५ माथि छलफल भइ आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराने ।

क) आमचोक ९ निवासी कृष्ण वहादुर सार्कीको श्रीमती प्रमिला नेपालीको सुत्केरी अवस्थामा वढी रक्तश्राप भइ घोपा क्याम्पमा उपचारत भएको र आर्थिक अवस्था कम्जोड भएको वडा कार्यालयको सिफारिस र अस्पतालको रेकर्ड प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ख) आमचोक ४ निवासी दुर्गा विष्टको निवेदन अनुसार कृष्ण वहादुर विष्टको निधन भएको र शव व्यवस्थापन गर्न कोशीसम्म लानको लागि निशुल्क ट्याक्टर ढुवानी माग भएकोले नियम अनुसार लाग्ने भाडादरमा ३०% छुट दिने ।

ग) आमचोक १ निवासी राम वहादुर वि.क.को २०७९/७/२९ मा आगलागी भइ काठ,गोठ र पशुको क्षेति भएको प्रहरी सर्जिमिन मुचुल्का प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको उद्दार राहत तथा पुनस्थापना शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

घ) आमचोक ९ निवासी दिपेश धामिको ३ वर्षको छोरा शवसेस धामिको आखा कम्जोड भएको र उपचार गर्नको लागि आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत
२०७९/८/२८

२०७९/८/२८
अशोक राई
अध्यक्ष